आ.ब.२०८३/८४ को चौथो नगरकार्यपालिका बैठकका निर्णयहरुः-

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।</td><td>यसै साथ संलग्न सूची बमोजिमका सम्पन्न आयोजनाहरुको नगर/वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई पेश भएको प्रतिवेदन उपर छलफल भई उक्त अनुगमन प्रतिवेदनहरु अनुमोदन गरियो । साथै, आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने ।</td></tr>
<tr><td>३</td><td>बालमैत्री वडा घोषणा सम्बन्धमा</td><td>टोखा नगरपालिका वडा नं. ३ को बालमैत्री सूचकहरु पुरा गरी बालमैत्री वडा घोषणाको तयारी अन्तिम चरणमा पुगेकोले अनुगमन गरी बाग्मती प्रदेश सरकारलाई प्रतिवेदन दिनको लागि जिल्ला समन्वय समिति काठमाडौंलाई अनुरोध गर्ने।साथै, मिति २०८३ आश्विन १७ गते उक्त वडालाई बालमैत्री वडा घोषणा गर्ने । नगरपालिका अन्तर्गतका बाँकी वडाहरुको समेत सूचकहरु पुरा गरी आवश्यक प्रकृया पश्चात क्रमशः बालमैत्री वडा घोषणा गर्दै मिति २०८३ मंसिर १६ गते नगरपालिकालाई बालमैत्री घोषणा गर्ने ।</td></tr>
<tr><td>४</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१</td><td>आशा अर्जुन निर्माण सेवा प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>२</td><td>मालिका कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>३</td><td>पराडाइस ग्रुप अफ कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>४</td><td>बि.ब.एण्ड ए.के.निर्माण सेवा प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>५</td><td>रिभोलुसन ग्रुप अफ इन्जिनियरिङ्ग प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>६</td><td>सोमनाथ कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>७</td><td>तामाङ्ग छिटो छरितो निर्माण सेवा प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>८</td><td>सौरभी निर्माण सेवा</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>९</td><td>प्रिजम बिल्डर्स प्रा.लि.</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>१०</td><td>बिम्बा बिल्डर्स</td><td>टोखा-२</td><td></td></tr>
<tr><td>११</td><td>केदार इन्फ्रास्ट्रक्चर प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>१२</td><td>अनुप डेभलपर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>१३</td><td>आही इन्फ्रास्ट्रक्चर प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
</table>
</td></tr>
</table>

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | १४ | गङ्गाजमुना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| | | १५ | चिम्टेश्वर ईन्टरप्राईजेज प्रा.लि. | टोखा-११ | |

| | | |
|---|---|---|
| ५ | जग्गा लिजमा प्राप्त गर्ने सम्वन्धी सिफारिस सम्वन्धमा । | १. टोखा नगरपालिका वडा नं. ७ साविक धापासी गाउँ विकास समिति वडा नं. ७ सिट नं. १०२०९८५०४ कि.नं. ६४ को क्षे.फ. १९६६.४५ ब.मी. जग्गा नेपाल सरकार जग्गाधनी भई मिति २०५२/९/२० को मन्त्रीपरिषदको निर्णयानुसार नेपाल भू.पू.प्रहरी संघलाई भोगाधिकार प्राप्त भएको, हाल सम्म पनि निरन्तर रुपमा उक्त संगठनले आफ्नो भवन निर्माण गरी सामाजिक कार्यमा निरन्तर क्रियाशिल रहेको, हाल नेपाल सरकारले साविकको भोगाधिकार प्राप्त जग्गालाई लिजमा लिने प्रकृया अगाडि बढाउने गरी कानुन संशोधन भएकोले मालपोत (नवौं संशोधन) नियमावली, २०८३ बमोजिम नेपाल पूर्व प्रहरी संगठनलाई साविक देखि भोगाधिकार प्राप्त उल्लेखित जग्गा उक्त संस्थाको नाममा लिजमा उपलब्ध गराउने प्रकृया अगाडि वढाउन भूमि प्रशासन कार्यालय, टोखा लगायत अन्य निकायहरुलाई सिफारिस गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. ३ स्थित कि.नं. २२ क्षेत्रफल २-१२-३-३ को सार्वजनिक जग्गा जीवनको लागि भोजन नेपाल, बुढानिलकण्ठलाई सामुदायिक विद्यालयका छात्रछात्राहरुलाई दिवाखाजा उपलब्ध गराउने सम्वन्धी सेवा विस्तारको लागि आवश्यक भवन निर्माण गर्न मालपोत (नवौं संशोधन) नियमावली, २०८३ बमोजिम लिजमा उपलव्ध गराउने प्रकृया अगाडि वढाउन भूमि प्रशासन कार्यालय, टोखा लगायत अन्य निकायहरुलाई सिफारिस गर्ने । |
| ६ | वनदेवी सामुदायिक भवन निर्माणको बोनस भुक्तानी सम्बन्धमा । | वनदेवी सामुदायिक भवन निर्माण ( ठेक्का नं. ४२/ NCB/TM/W/२०८०-८१) सम्वन्धी कार्य सम्बन्धित निर्माण व्यवसायीले सम्झौता अवधि भन्दा अगाडि सम्पन्न गरेकोले सार्वजनिक खरिद कानुन एवं खरिद सम्झौताका शर्त बमोजिम निर्माण व्यवसायीले प्राप्त गर्ने बोनस वापतको रकम १९ औं नगरसभाको ३९० मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने । |
| ७ | कोसेलीघर संचालन मापदण्ड निर्माण सम्वन्धमा | टोखा नगरपालिकामा कोसेलीघर संचालन सम्बन्धी मापदण्ड निर्माणको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने । |
| ८ | विभिन्न संघ/ संस्था / समूह/विद्यालयलाई फर्निचर/ मेसिनरी औजार एवं वाघवादन सामाग्री उपलब्ध गराउने सम्वन्धमा । | टोखा नगरपालिका विभिन्न वडा अन्तर्गत रहेका संघ संस्था तथा समूहरुलाई वडा कार्यालयको सिफारिस एवं निजहरुको माग अनुसार साविकमा नगरपालिकाबाट उपलव्ध गराईएको सामाग्रीहरुको लगत हेरी उक्त सामाग्रीहरु चालु हालतमा रहि संस्थाकै जिम्मामा रहेको, सार्वजनिक हितमा प्रयोग भई अध्यावधिक रहेको वेहोराको जानकारी लिई, नपुग भएको भए अवस्था एकिन गरी सोको लगत कार्यालयमा राखी मात्र तपशिल बमोजिमका संघ/संस्था/समूह/विद्यालयलाई सामाग्री उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>१. वडा नं. १ स्थित मालुङ्ग गणेश भजन खलः मालुङ्ग गणेश मन्दिरमा भजन कृतनको लागि स्पिकर र मिक्स्चर थान १/१, (अधिकतम् १९ औं नगरसभाको सि.नं. |

| | | |
|---|---|---|
| | | ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित भजन खलःलाई हस्तान्तरण गर्ने ।<br>२. वडा नं. ३ स्थित धनेश्वर महादेव मन्दिरमा नियमित भजनको लागि धनेश्वर ज्येष्ठ नागरिक भजन किर्तन मण्डलीलाई ( हार्मोनियम, तवला-२, ढोलक, खैजेडी-२, स्पिकर, माईक,मजुरा-३,मादल-२,माईक्रोफोन-२, स्पिकर, मुरली-२ र झ्याली मध्ये अधिकतम रु २ लाख बराबरको सामग्री) एक सेट वाद्यवादन सामाग्री १९ औं नगरसभाको सि.नं. ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित मन्दिर व्यवस्थापनलाई हस्तान्तरण गर्ने ।<br>३. वडा नं. ४ स्थित धापासी गणेश भजन खलःलाई वाद्यवादन सामाग्रीहरु ( हार्मोनियम वीणा, तवला, मादल, तिन्छु, बबुचा, माईक-पोडियम, स्पिकर-पोर्टेबल, झ्याली मध्ये अधिकतम् रु १ लाख बराबरको सामग्री) १९ औं नगरसभाको सि.नं. ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित भजन खलःलाई हस्तान्तरण गर्ने ।<br>४. वडा नं. ४ स्थित धापासी व्याजुली पुचःद्वारा नियमित रुपमा वाद्यवादन प्रशिक्षणका लागि वाद्यवादन सामाग्रीहरु (हार्मोनियम वीणा, हार्मोनियम स्केल चेन्जर, मादल-५, धिमे-४, तबला-२, खिं-२ र पछिमा मध्ये अधिकतम रु १ लाख वराबरको सामग्री ) १९ औं नगरसभाको सि.नं. ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित भजन पुचःलाई हस्तान्तरण गर्ने।<br>५. वडा नं. ६ स्थित ईश्वरीय मार्ग भजन मण्डल सच्चाई केन्द्र नेपाललाई नियमित परमेश्वरका वचन/भजनका लागि वाद्यवादन सामाग्रीहरु (हार्मोनियम, किवोर्ड, मादल, अक्टोप्याड, सारङ्गी, बाँसुरी मध्ये रु. १ लाख वरावरको सामग्री) १९ औं नगरसभाको सि.नं. ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित ईश्वरीय मार्ग भजन मण्डल सच्चाई केन्द्र नेपाललाई हस्तान्तरण गर्ने ।<br>६. वडा नं. ६ स्थित चुनदेवी आधधारभूत आ.वि.मा अध्ययनरत बालवालिकाहरुलाई शैक्षिक सामाग्री वितरणको कार्यक्रम स्वीकृत गरी १९ औं नगरसभाको खर्च सि.नं. २५३११ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गर्ने ।<br>७. वडा नं.९ स्थित सिद्वेश्वर महादेव मन्दिरलाई दैनिक भजनकृतनको लागि आवश्यक पर्ने वाद्यवादन सामाग्रीहरु एक सेट र थप हार्मोनियम थान-१, ( अधिकतम् रु.१ लाख ५० हजार बराबरको सामग्री) १९ औं नगरसभाको सि.नं. ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित मन्दिर व्यवस्थापनलाई हस्तान्तरण गर्ने ।<br>८. वडा नं. ११ स्थित लक्ष्मीनारायण मन्दिरमा दैनिक भजनकृतनको लागि आवश्यक पर्ने एक सेट वाद्यवादन सामाग्रीहरु (हार्मोनियम-२, साउण्ड सिष्टम-स्पिकर-माईक, मादल-२, तबला-२, मजुरा-४ मध्ये अधिकतम् रु. १ लाख ५० हजार बरावरको सामाग्री), १९ औं नगरसभाको सि.नं. ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित मन्दिर व्यवस्थापन समितिलाई हस्तान्तरण गर्ने ।<br>९. वडा नं. १ स्थित काफ्ले समाजलाई सामाजिक सांस्कृतिक कार्यक्रमको लागि |

CamScanner

| | | |
|---|---|---|
| | | वाद्यवादन सामाग्री (हार्मोनियम, माईक, डेक, तवला, मादल, डम्फु, बाँसुरी मध्ये अधिकतम् रु. १ लाख वरावरको सामाग्री), १९ औं नगरसभाको सि.नं. ३८१ मा विनियोजित रकम मध्येबाट खरिद गरी सम्बन्धित समाजलाई हस्तान्तरण गर्ने । |
| ९ | औषधि उपचार/अन्य सहायता उपलव्ध गराउने सम्वन्धमा । | १. वडा नं. ११ वस्ने वलराम खतिवडा विभिन्न रोगहरुमा पिडित भई उपचाररत रहेको साथै नियमित औषधि सेवन गर्नु पर्ने भएकोले निजलाई औषधि उपचार खर्च वापत रु. २० हजार, १९ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>२. वडा नं. ३ निवासी अम्बिका अधिकारी पितथैली एवं हर्निया रोगबाट ग्रसित भई उपचाररत रहेको साथै नियमित औषधि सेवन गर्नु पर्ने भएकोले निजलाई औषधि उपचार खर्च वापत रु. ४० हजार, १९ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>३. वडा नं. ६ वस्ने गोपाल प्रसाद प्याकुरेल विभिन्न रोगहरुमा पिडित भई उपचाररत रहेको साथै नियमित औषधि सेवन गर्नु पर्ने भएकोले निजलाई औषधि उपचार खर्च वापत रु. १० हजार, १९ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>४. भारतमा संचालन भएको प्रतिष्ठित अन्तराष्ट्रिय रोबोटिक्स प्रतियोगितामा सहभागि श्री सफल सिटौलालाई यातायात एवं अन्य आवश्यक खर्च वापत रु. ४० हजार १९ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>५. टोखा नगरपालिका वडा नं. २ वस्ने डा. दिपेन्द्र श्रेष्ठलाई सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुमा (९ देखि १२ बर्ष) परजिवी संक्रमणको अध्ययन कार्यको लागि सहयोग स्वरुप रु. ४० हजार, १९ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>६. टोखा नगरपालिका वडा नं. ३ निवासी Msc.Engineering Management अध्ययनरत भूवन कार्कीलाई बन्चरेडाँडा ल्याण्डफिल साइट वरपरको माटो तथा पानीको गुणस्तर मूल्याङ्कन विषयमा खोज तथा अनुसन्धानमूलक कार्यको लागि सहयोग स्वरुप रु. ४० हजार, १९ औं नगरसभाको खर्च खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |
| १० | विकासात्मक कार्यको अनुदान निकासा सम्वन्धमा । | १. टोखा नगरपालिका ३ नं. वडा कार्यालयको मिति २०८३-४-१८,च.नं. १४० को पत्रानुसार बानियाँटार टोलमा खानेपानीको समस्या भई उक्त एरियामा पाईपलाईन इन्टरकनेक्सन कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.बाट प्राप्त लागत अनुमान रु. ९५८०८.५८, नगरसभाको १९ औं अधिवेशनबाट सि.नं. ३९३ |

CamScanner

| | | |
|---|---|---|
| | | खानेपानी पाईपलाईन विस्तारमा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ९५८०८.५८ विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२. टोखा नगरपालिका ६ नं. वडा कार्यालयको मिति २०८३-६-०५,च.नं. १४२० को पत्रानुसार विष्णुमति करिडोर बाटो निर्माणको क्रममा ११ मिटर स्टिल टियुलर पोलले असहज भएकोले उक्त पोललाई उपयुक्त स्थानमा स्थानान्तरणको लागि नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, वागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धराको मिति २०८३-६-५,च.नं. १६४ को पत्रबाट प्राप्त लागत अनुमान रु. १२४२९०.४५, नगरसभाको १९ औं अधिवेशनबाट सि.नं. ३८५ नगरपालिकाभित्र आवश्यकता अनुसार विद्युत पोल स्थानान्तरण तथा सडकबत्ती मर्मत शिर्षकमा विनियोजित रकम मध्येबाट नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, वागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धराबाट स्वीकृत लागत अनुमान बमोजिम रु. १२४२९०.४५ विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, वागमती प्रादेशिक कार्यालय, बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्र, बसुन्धरा लाई अनुदान निकासा उपलव्ध गराउने । |
| ११ | थप रकम विनियोजन सम्बन्धमा । | १. वडा नं. २ र ३ मा बार्षिक रुपमा प्रकाशन हुने स्मृति भाव सागर शोक पुस्तिका प्रकाशनार्थ साविकमा विनियोजित रकमले नपुग हुने भएकोले थप रकम रु.१ लाख ५० हजार विनियोजनको लागि माग भएकोले उक्त नपुग रकम थप विनियोजन गरी सम्बन्धित खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउने ।<br>२. टोखा नगरपालिका नगरसभाको १९ औं अधिवेशनको आयोजना तथा कार्यक्रम सि.नं. ६४८ मा एन्जेल प्याराडाइस स्कूल जाने बाटो स्तरोन्नतिको आयोजना स्वीकृत भई रकम रु. ८ लाख विनियोजन भएकोमा हाल लागत अनुमान तयार गर्दा रु. १२०३२४२.५५ लाग्ने भएकोले सो लागत अनुमान मध्ये नगरपालिकाले वेहोर्ने रकममा साविकमा विनियोजित रकमले नपुग हुने रकम रु. २ लाख ८० हजार, १९ औं नगरसभाको सि.नं. ३८२ मा विनियोजित रकम मध्येबाट थप विनियोजन गरी वडा कार्यालयबाट सिफारिस हुने उपभोक्ता समिति मार्फत आयोजना संचालन प्रकृया अगाडि बढाउने ।<br>३. टोखा नगरपालिका नगरसभाको १९ औं अधिवेशनको आयोजना तथा कार्यक्रम सि.नं. १०५८ जालुपा मा.वि. तल्ला थपको आयोजना स्वीकृत भई रकम रु. ४० लाख विनियोजन भएकोमा प्राविधिक लागत अनुमान अनुसार रु. १५ लाख |

| | | |
|---|---|---|
| | | नपुग हुने देखिएकोले १९ औं नगरसभाको सि.नं. ३९० मा विनियोजित रकम मध्येबाट विनियोजन गरी ठेक्का मार्फत विद्यालय भवनको तला थप गर्ने कार्य अगाडि बढाउने । |
| १२ | लागत साझेदारीका आयोजना सम्वन्धमा । | १. वडा नं. २ स्थित खेगलमा क्षेत्रमा सडक ढलान कार्यको आयोजना स्वीकृत गरी लागत अनुमान बमोजिम स्थानीय उपभोक्ताको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागिता हुनेगरी १९ औं नगरसभाको सि.नं. १३३६ मा विनियोजित रकम मध्येबाट रु. ७ लाख ४२ हजार १० रकम विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>२. वडा नं. ८ स्थित पारिजात मार्ग टोलमा सिसिटिभी जडान कार्यको आयोजना स्वीकृत गरी लागत अनुमान बमोजिम स्थानीय उपभोक्ताको ५० प्रतिशत र नगरपालिकाको ५० प्रतिशत लागत सहभागिता हुनेगरी १९ औं नगरसभाको सि.नं. १३३६ मा विनियोजित रकम मध्येबाट स्वीकृत लागत अनुमान बमोजिमको ५० प्रतिशत रकम नगरपालिकाले वेहोर्ने गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने । |
| १३ | आयोजना तथा कार्यक्रम स्वीकृति तथा बजेट विनियोजन सम्बन्धमा । | १. वडा नं. ११ स्थित महादेवटार हाईट जाने सडक सीता ज्ञवालीको घर नजिक भासिन गएकोले सो मर्मत संभारको आयोजना स्वीकृत गरी १९ औं नगरसभाको सि.नं. ३८२ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम रु. ४७९३८४/- विनियोजन गरी तत्काल मर्मत कार्य अगाडि बढाउने ।<br>२. वडा नं. ३ स्थित भूतखेलमा रहेको ज्येष्ठनागरिक भजनकिर्तन गर्ने पाटी मर्मत संभारको आयोजना स्वीकृत गरी १९ औं नगरसभाको सि.नं. ३८२ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम रु. २३१०००/- विनियोजन गरी मर्मत कार्य अगाडि बढाउने ।<br>३. टोखा नगरपालिका वडा नं. ३ स्थित मसानकाली मन्दिरको ऐतिहासिकता झल्किने गरी विदेशी पर्यटकको आकर्षणको लागि प्रचार प्रसार गर्न विदेशी भाषामा वृत्तचित्र निर्माण गर्ने कार्यको लागि रु. ५० हजार १९ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>४. लायन्स इन्टनेशनललाई विश्व मधुमेह दिवस,२०२६ को अवसरमा टोखा क्षेत्रमा मधुमेह सचेतना पैदल यात्रा तथा दौड कार्यक्रम संचालन गर्न स्वीकृती प्रदान गरी उक्त कार्यक्रमको लागि लाग्ने खर्च मध्ये सहयोग स्वरुप रु. ५० हजार १९ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>५. वडा नं. ८ स्थित जालुपा मा.वि.को प्राङ्गणसँग जोडिएको नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा विद्यालयको खेल मैदान निर्माणको लागि पूर्व संभाव्यता अध्ययन सम्वन्धी कार्यको लागि आयोजना स्वीकृत गरी १९ औं नगरसभाको खर्च शिर्षक नं. ३११३५ मा विनियोजित रकम मध्येबाट खर्च गर्ने गरी प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>६. वडा नं. ३ स्थित भूतखेल चौर मसानकालि मन्दिर परिषरमा सिसिक्यामेरा जडानको आयोजना स्वीकृत गरी १९ औं नगरसभाको मेशिनरी औजार शिर्षकमा विनियोजित रकम मध्येबाट रु. ४ लाख विनियोजन गरी सिसिटिभि जडान प्रकृया अगाडि बढाउने |

| | | |
|---|---|---|
| | | । |
| १४ | पुस्तक खरिद/ सूचना प्रकाशन सम्बन्धमा । | १. आदर्श पुस्तकालयले आफ्नो बार्षिकोत्सबको अवसरमा आदर्श आलोक साहित्यिक पुस्तक प्रकाशनमा गरेकोले उक्त पुस्तकालयलाई सहयोग एवं साहित्यको जगेर्ना गर्नको उक्त साहित्यिक पुस्तक आदर्श आलोक थान ५० खरिद गर्ने ।<br>२. श्री भाग्योदय पूर्वविद्यार्थी समाज, शंखरापुरको स्मारिका प्रकाशन सहयोगार्थ रु. २० हजार सम्वन्धित सूचना प्रकाशन शिर्षकबाट विनियोजन गर्ने । |
| १५ | सामुदायिक भवनमा विद्युत जडान सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ११ स्थित वनदेवि सामुदायिक भवन निर्माण सम्पन्न भएकोले सो भवनमा थ्री फेज विद्युत जडानको लागि आवश्यक प्रकृया अगाडि बढाउने। |
| १६ | भुक्तानी सम्बन्धमा । | १. वडा नं. ३ स्थित टोखाविभिन्न स्थानमा सिसिक्यामेरा जडान तथा मर्मत कार्यको लागि श्री आरटेक सोलुसन प्रा.लि.सँग सम्झौता भएकोमा सोहि बमोजिम सम्वन्धित वडा कार्यालयले तोकेको स्थानमा सिसिक्यामेरा जडान गर्ने कार्य सम्पन्न भएकोले प्राविधिक नापी किताव बमोजिमको रकम सम्वन्धित प्रा.लि.लाई भुक्तानी गर्ने ।<br>२. रेड मिडियाको प्रस्तुति दुई सय तोला सुन तीज गीतको भिडियोमा टोखा नगरपालिकाको लोगो स्पोन्सरको रुपमा समावेश गरे वापत रु. २५०००/- (भ्याट सहित) रेड मिडिया प्रा.लि.लाई भुक्तानी गर्ने ।<br>३. वडा नं. १० स्थित साविकमा नेपाल रेडक्रस सोसाईटीको नाममा जडित रहेको विद्युत मिटर हाल उक्त भवनमा आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १० कार्यालय रहेकोले उक्त कार्यालयको नाममा नामसारी गर्न साविकमा बाँकी विद्युत महशुल रकम रु. २६३४५/- नगरपालिकाबाट भुक्तानी गरी उक्त मिटर आधारभूत स्वास्थ्य केन्द्र टोखा वडा नं. १० कार्यालयको नाममा नामसारी गर्ने ।<br>४. अन्तराष्ट्रिय युवा दिवसको अवसरमा भएको फुटशल प्रतियोगितामा भएको खर्च मध्ये खाजा खाना वापतको रकम रु २००००/- Dhanyentari Restaurent & Bar लाई विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी उपलब्ध गराउने । |
| १७ | कविता प्रतियोगिता | नगरपालिकाबाट आयोजना हुने सपनाको शहर हाम्रो टोखा नगर शिर्षकको कविता प्रतियोगितामा पुरस्कार तथा निर्णायक मण्डलको सेवा सुविधा देहाय बमोजिम निर्धारण गर्ने ।<br>कविता प्रतियोगितामा प्रथम, द्धित्तीय, तृतीय र सान्त्वना हुने सहभागीलाई पुरस्कार स्वरुप क्रमशः प्रति व्यक्ति रु. २५,०००, २०,०००, १५,००० र १०००० उपलब्ध गराउने।<br>निर्णायक मण्डल ३ सदस्यको हुने, निणार्यक मण्डलका सदस्यको पारिश्रमिक प्रति व्यक्ति रु. २५००/- र यातायात खर्च प्रतिव्यक्ति रु. १०००/- |
| १८ | नर्म्स स्वीकृत सम्वन्धमा । | यसै साथ संलग्न Norms for preparation of Multi Hazard Risk Assessment Report in Tokha Municipality स्वीकृत गर्ने । |

CamScanner

| | | |
|---|---|---|
| १९ | जरिवाना सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ६ मा रहेको ग्राण्ड खानेपानी सेवाको अनुगमनको क्रममा पानीको जारको नमुना परीक्षणमा Colifrom भेटिएकोले उक्त खानेपानी सेवालाई खानेपानी तथा सरसफाई ऐन, २०७९ बमोजिम पहिलो पटकको लागि रु. १० हजार जरिवाना गर्ने । |
| २० | स्वास्थ्य भवन व्यवस्थापन | टोखा नगरपालिका वडा नं. ३ स्थित आधारभूत स्वास्थ्य केन्द्रको भवनमा कार्यालय संचालनका लागि आवश्यक पर्ने फर्निचर फर्निसिङ्ग लगायतका संरचनाहरु निर्माण/तयारको कार्यक्रम स्वीकृत गरी १९ औं नगरसभाको फर्निचर फर्निसिङ्गमा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम विनियोजन गर्ने । |
| २१ | ल्याव सेवा संचालन । | टोखा नगरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १ र ३ मा ल्याव सेवा संचालन गर्ने । सोको लागि आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन गर्ने । |
| २२ | सवारी साधन मर्मतको भुक्तानी सम्बन्धमा । | नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।<br><table><tr><td>क्र.स</td><td>सवारीको विवरण</td><td>भुक्तानी गर्नु पर्ने /रकम</td><td>सवारी प्रयोगकर्ता/ चालक</td></tr><tr><td>१</td><td>वा २ व २०५२</td><td>१९५२०/-</td><td>रमेश रिमाल</td></tr><tr><td>२</td><td>प्र.३-०३-००१ वा १८३७</td><td>२७७९०/-</td><td>रचना शर्मा पन्थी</td></tr></table> |
| २३ | भेरिएसन सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. २ स्थित यलाग टोलमा ढुगाँ छपाई कार्यको लागि आविश्कार निर्माण सेवा एण्ड सप्लायर्स,रास्कोटसँग मिति २०८३-२-१८ मा सम्झौता भएकोमा लागत अनुमान बमोजिम कार्य गर्दा स्थानीय वासिन्दाहरुको विवाद भई कार्य सम्पन्न गर्न नसकेको र वडा कार्यालयबाट समेत विवाद भएको सिफारिस भएको हुदाँ फिल्डको अवस्था अनुसार साविक सम्झोतामा समावेश भएको भन्दा घट परिमाण कार्य गर्नु पर्ने भएकोले उक्त घट गर्नुपर्ने कार्यको परिमाण सम्झौताको लागत दर बमोजिम हिसाव गर्दा हुन आउने शुरु सम्झौता रकम ९५७०१४.११ (भ्याट समेत) भन्दा घटी रकम रु. ८०७२६९.२४ (भ्याट समेत) अर्थात १५.६४ प्रतिशत घटी भेरिएसन आदेश जारी गर्ने । |